Nava Kiran Plus
Treatment, Care, Support & Advocacy

# The HIV Post

A Monthly Newsletter of NAVA KIRAN PLUS

Volume 4, No. 4, Kathmandu, July 2007

वर्ष ४, अंक ४, २०६४ असार-साउन, काठमाडौं

# निदाईरहेको सरकारलाई एक झापड

'हाम्रो सरकार गरिव छ कृपया केही रकम सहयोग गर्नुहोस ।' यसरी मार्गदै थिए बाटोमा २६ जूनका दिन सपोर्ट ग्रुपहरुको स्वयम् सेवकहरु । राजधानीको ३० वटाभन्दा बढी स्थानमा यसरी नै पैसा मागिरहेका थिए उनीहरु ।

लागूपदार्थको विरुद्धको दिवसको रूपमा २६ जूनलाई प्रत्येक वर्ष मनाइने गरिन्छ । केवल १ दिन मनाएर अरु ३६४ दिन चुप लागेर बस्छन् । त्यो क्रममा कति नयाँ युवाहरु लागूपदार्थ प्रयोगकर्ता बन्छन्, कति मर्छन् त्यसको कसैलाई मतलब हुँदैन । वर्षको एक दिन रू. १० हजारको बजेट लागूपदार्थ विरुद्धको र्‍याली निकाल्न सरकारले छुटाउने गर्दछ । अरु दिन पैसा जुटाउन खर्च गर्दछ । तै पनि सरकार द्वारा लागूपदार्थ प्रयोगकर्ताहरुको लागि भनेर कुनै ठोस कार्यक्रम संचालन भएको छैन । न त लागूपदार्थ प्रयोगकर्ताहरुमा एचआईभीको संक्रमण हटाउने कुनै योजना छ न त लागूपदार्थ सेवन गरिरहेका संक्रमित प्रयोगकर्ताहरुलाई बचाउन नि:शुल्क एआरभी नै छ । हिप्पीको जमानामा आँखा चिम्लेको सरकार अहिलेसम्म पनि कान थुनेर, आँखा चिम्लेर नै बसिरहेका छन् ।




सन् १९९२ मा गरिएको एक अध्ययनअनुसार लागूपदार्थ प्रयोगकर्ताहरुमा एचआईभीको संक्रमण २.३ प्रतिशतले देखिएको थियो । आज त्यो संक्रमण दर बढेर ४२ प्रतिशत भएको छ । यसबाट मर्नेहरुको संख्याको त कुनै लेखाजोखा नै छैन । थाहा पाई-पाई सरकारले युवाजनशक्तिको विनाश भइरहेको हेरिरहेको छ ।

हाल गरिएको एक सर्वेक्षणअनुसार हाम्रो देशमा करिब २ लाखको हाराहारीमा लागूपदार्थ प्रयोगकर्ताहरु छन् । तथ्याङ्कले जे जति भने तापनि यिनीहरुमा एचआईभीको संक्रमणले महामारीको रुप लिईसकेको छ । हरेक वर्ष युवाहरुको एक ठूलो संख्या यसको कारण गुमाईरहनु परेको छ राष्ट्रले । तर राष्ट्र भने एक दिन केही लागूपदार्थ प्रयोगकर्ताहरु र केही बिद्यार्थीहरुलाई सहर घुमाएर नै यो समस्या हट्छ भन्ने सोचमा छ । गरिब देशको धनी नेताहरुलाई यो बारेमा सोच्ने फुर्सद पनि छैन । आज सारा संसारले लागूपदार्थको समस्यालाई राष्ट्रकै समस्या मानेर एजेण्डा तयार गरिरहेको बेला हाम्रो देशका नेताहरु वाल मतलब नदिई बसिरहेका छन् । यिनीहरु अझै पनि लागूपदार्थको प्रयोगलाई अपराधकै रुपमा हेर्ने गर्दछ ।

यिनै कारणहरुले गर्दा यसपालीको लागूपदार्थको विरुद्धको दिवसमा सरकारलाई ब्युताउने उद्देश्यले राष्ट्रिय एचआईभी/एड्स महासंघले एउटा छुट्टै कार्यक्रमको आयोजना गरेको थियो । जुन कार्यक्रममा ४० भन्दा बढी सपोर्ट ग्रुपका २५० जना सदस्यहरुले माग्ने कार्यक्रम संचालन गरेका थिए । सो कार्यक्रमअन्तर्गत सरकारको मुखमा थप्पड हान्न सहभागीहरुले जनतासँग पैसा मागेर सरकारलाई बुझाएका थिए । तर संकलन भएको करिब १२ हजार साठ्ठी रुपैयाँ गृह मन्त्रालयलाई बुझाउन जाँदा गृह मन्त्रालयको प्रतिनिधिले सो रकम लिन मानेन् । लिओस् पनि कसरी ? लाज मर्दो कुरा भयो नी उनीहरुको लागि यो त ! शायद वकालतको ईतिहासमा पहिलो पटक होला यसरी सम्बन्धित समुदायले पैसा उठाएर सरकारलाई बुझाएको ।

लागूपदार्थको समस्यालाई हटाउन पूर्व लागूपदार्थ प्रयोगकर्ताहरु र विभिन्न संघ संस्थाहरु लागिपरेका छन् । तर हाम्रो सरकार यो विषयमा धेरै कदम पछाडि हिँडिरहेको छ । लागूपदार्थ र यसबाट बढ्दै गएको एचआईभीको समस्यालाई समाधान गर्न सरकारले कुनै ठोस योजना तुरुन्त कार्यान्वयन नगर्ने हो भने देशले निकट भविष्यमा ठूलो समस्याको सामना गर्नुपर्नेछ ।

-शिबु गिरी














## सम्पादकको कलमबाट

# संक्रमीतको् नाममा पैसा कमाउन बन्द गर



सूदुर पश्चिमा ग्लोबल फण्ड पाइरहेका कतिपय संस्थाहरु संक्रमितहरुलाई नामको मात्र संग्लन गराएर पैसा चलाइरहेका छन् । अझै पनि उनीहरु त्यही परिपाटीमा पैसा चलाउने आशमा काठमाण्डौ आइरहेका छन् । तर यो पाली उनीहरुलाई त्यति सजिलो हुने छैन । राष्ट्रिय एचआईभी/एड्स महासंघले पूर्णतयारूपमा ति संस्थाहरुलाई आफ्नो संस्थामा बढीभन्दा बढी संक्रमितहरुलाई महत्वपूर्णरूपमा संग्लन गराए मात्र सहयोग पाईनेछ भनेर स्पष्ट गरिसकेका छन् । ग्लोबल फण्ड भनेको नै तल्लोस्तरमा रहेको, कतैबाट सहयोग नपाएको संक्रमितहरुको लागि भनेर खडा गरिएको कोष हो । तर एचआईभी/एड्सको नाममा बाँच्नेहरुले त्यो फण्डमा पनि आँखा गाडेर संक्रमितहरुको भाग खोस्ने काम गरिरहेका छन् । संक्रमितहरुमा खुवी, शिप छैन भन्दै नन् पोजिटिभहरुले संक्रमितहरुलाई प्रयोग गर्दै सो रकम उपभोग गरिरहेका छन् । जसले गर्दा ग्लोवल फण्डको उद्देश्य नै ओझेलमा परिरहेको छ । यो भन्दा अघि जुन संस्थाहरूले ग्लोवल फण्ड जिल्ला-जिल्लामा गएर बाँडेका थिए यि कुराहरुलाई ध्यानमा नराखेर मनलागी तवरमा रकम बाँडेका थिए । तर राष्ट्रिय एचआईभी/एड्स महासंघले यदि आफूले दिएको शर्त नमानेमा यो क्रमलाई रोक्नेछ । त्यसैले ति संस्थाहरु जसले संक्रमितहरुलाई नामको मात्र प्रयोग गरिरहेका छन्, त्यसलाई रोकेर संक्रमितहरुको महत्वपूर्ण संग्लनता गराए पछि मात्र सहयोग लिन आउनेछ भनी हामी विश्वास गर्दछौ ।

## पण्डितजीको कथा

# संक्रमित बच्चाहरुको व्यथा

एकादेशमा एकजना महान् पण्डितजी रहेछन् । उनि अत्यन्तै धर्मात्मा, ज्ञानी अनि दयालु हुनुका साथै सम्पूर्ण कुरामा निपुर्ण रहेछन् । तर उनको त्यो असल चरित्र केवल सूर्यास्त नहुँदासम्म अथवा दिनमा मात्र सिमित रहेछ । साँझमा ति पण्डितजी भट्टीमा बाँस बस्दो रहेछन् । यसरी ठूला-ठूला यज्ञ महायज्ञ आदिबाट राम्रो आम्दानी हुने हुँदा जाँड रक्सी खानलाई उनलाई राम्ररी पुग्दोरहेछ । एकदिनको कुरा हो पण्डितजीलाई उनकी श्रीमती सहित यज्ञका लागि निमन्त्रणा आएछ । पण्डितजीले श्रीमतीलाई समेत लिएर गएछन् र प्रवचन शुरु गरेछन् । बीच मण्डपमा बसेका पण्डितजीले धर्मको वकालत गर्दै भनेछन् 'मानिसले जीवनमा जाँड, रक्सी, माछामासु आदिको सेवन गर्नु पनि महा पाप हो, त्यसलाई त्याग्नु पर्छ ।' यसरी पण्डितजीको धर्मको प्रवचन सुनेपछी उनको श्रीमती हतार-हतार घरमा आईछन् र जाँडको घ्याम्पो फोडिदिईछन् । जब साँझ पऱ्यो पण्डित जी भट्टीहुँदै घरमा गई घ्याम्पो हेर्दा त घ्याम्पो फुटिसकेको रहेछ । पण्डितजीलाई रीस उठेछ । श्रीमतीसंग सोधेछ 'घ्याम्पाको रक्सी किन फालिदिएको' श्रीमतीले भनिछन् 'हजुर कुलत त्याग्नु पर्छ, जाँड रक्सी खानु पनि महापाप हो ।' त्यस पछी पण्डितजीले फेरी भनेछन् 'त्यो त मण्डपमा रहँदा मात्र हो । '

साँच्चिकै यस्तै भइरहेछ पण्डितजीको जस्तै नेपालको राजधानीका वुद्धीजिवीहरुको साथै नयाँ नेपाल बनाउन भाषण छोड्दै हिँडने नेताजीहरुको चाला । जसले काठमाण्डौ को पाँचतारे होटलमा बस्दै एचआईभी संक्रमितलाई होइन एचआईभीलाई घृणा गरौ, संक्रमितले अन्य व्यक्ती सरह सेवा सुविधा पाउनु पर्छ भन्छन् । तर राजधानीबाटै संक्रमित बच्चाहरुको पढ्ने लेख्ने अधिकारको हनन हुँदा समेत कानमा तेल हालेर बसिरहेका छन् । साथै सेमिनार र गोष्ठी सिद्धिएपछी आफैले पनि छि-छि र दूर-दूर गर्नमा पछि पर्दैनन् । यो अति दुःखलाग्दो घटना हो । यसरी यस्ता घटनाले संक्रमित बच्चाहरुको दिमागमा नराम्रो छाप पारेको छ । आखिर यती धेरै एचआईभीका कार्यक्रम भएको राजधानी वासीहरुले के बुझे खै एचआईभीको बारेमा ?

जुना ज्ञवाली

# लागूपदार्थको विरुद्ध म्याराथन दौड

विश्व लागूपदार्थ नियन्त्रण दिवस २००७ को अवसर पारेर बुटवलमा पनि विभिन्न कार्यक्रमहरु सम्पन्न भएका छन् ।

सोसाइटी सपोर्ट ग्रुपको आयोजना तथा इलाका प्रशासन कार्यालयको व्यवस्थापनमा सम्पन्न कार्यक्रममा सोमबार ६:३० बजे "रन फर फन" भन्ने नारा सहित म्याराथन दौड प्रतियोगिता सम्पन्न भएको थियो भने साँझ ५ बजे मोटर साइकल ऱ्याली निकालिएको थियो । १० कि.मी.को उक्त दौड प्रतियोगितामा पुरुषतर्फ विक्रम चापागाईं, इमानसिंह सारु, जीवन कुमार थापा र महिला तर्फ दुर्गा थापा, विष्णु अधिकारी, तेज कुमारी गाहा, क्रमशः प्रथम, द्वीतीय र तृतीय भएका थिए भने रोश्मी थापा र पुनम पुन चौंथो र पाँचौ भएका थिए । सोही दौड प्रतियोगितामा १२ वर्षका बबी खत्री र पूर्व लागूपदार्थ प्रयोगकर्ता मध्ये सन्दिप शेरचनको पनि सहभागिता रहेको थियो । कार्यक्रमअनुसार साँझ ५ बजेदेखी सुरु भएको मोटरसाइकल ऱ्याली बुटवल परिक्रमा गरी मिडिया चोकमा सम्पन्न भएको थियो ।

मङ्गलबारको कार्यक्रमअनुसार बिहान ७:२० बजे बाजागाजा सहित कालिका मा.वि.बाट सुरु भएको विशाल पैदल ऱ्यालीले मिडिया चोकमा पुगी कोणसभा गरेको थियो । पश्चिम नेपाल क्षेत्रीय तालिम केन्द्रका एस.एस.पी. विनोद सिंह प्रमुख अतिथि तथा रुपन्देही जिल्लाका सहायक जिल्ला अधिकारी बेणी माधव ज्ञवालीको विशेष आतिथ्यमा सम्पन्न कार्यक्रममा मौसमको अनुकुलताका कारण पुरस्कार, प्रमाण-पत्र वितरण र सम्मानित गरिने कार्यक्रम स्थगित गरीएको थियो ।

सो कार्यक्रम सोसाइटी सपोर्ट ग्रुपका अध्यक्ष वसन्त सिंह थापाको सभापतित्वमा रहेको थियो भने नागार्जुन डेभलपमेन्ट कम्युनिटीका संयोजक ललित खड्काले सञ्चालन गर्नु भएको थियो ।

- केशबपुन मगर




लागूपदार्थ दिवसमा आभास समूहद्वारा प्रकाशित गरिएको पोस्टर

# एड्सको यथार्थता र भ्रम

एचआईभी/एड्ससम्बन्धी जनचेतना फैलाउने उद्देश्यले नव किरण प्लसको आयोजनामा भएको कविता तथा क्वीज कन्टेस्टमा विजयीलाई आइतबार एक कार्यक्रमबीच पुरस्कार वितरण गरिएको छ ।

"पोजिटिभ स्पीकर ब्युरो" प्रोजेक्टअन्तर्गत डेनिस दुताबासको सहयोगमा "एड्सको यथार्थता र भ्रम" शिर्षकमा प्रतियोगिता भएको नव किरण प्लसले जनाएको छ ।

विश्वमा १० वर्षदेखी ४९ वर्षसम्मको मानिसहरु ९६ प्रतिशत एचआईभी/एड्सबाट प्रभावित भएकोले पनि संक्रमण दर घटाउन यो प्रोजेक्ट ल्याइएको कार्यक्रममा जानकारी गराइएको थियो ।

पिएसबि प्रोजेक्टअन्तर्गत एचआईभी/एड्सको क्षेत्रमा कार्यरत संघ संस्था र विद्यार्थीहरुबीच क्वीज कन्टेस्ट र कविता लेखन प्रतियोगिता गरिएको तथा सोह्र ओटा स्कुल र आठ ओटा औद्योगिक कलकारखानामा एचआईभी/एड्ससम्बन्धी जनचेतनामूलक कार्यक्रम गरिएको थियो । त्यसबाट दुई हजार विद्यार्थी तथा कामदारहरु लाभान्वित भएको पनी सो कार्यक्रममा जानकारी गराइएको थियो ।

प्रतियोगितामा कविता तर्फ ललित खड्का, लक्ष्मी आचार्य, जगमाया भट्टराई क्रमशः प्रथम, द्वीतीय र तृतीय भएका थिए भने क्विज कन्टेस्ट तर्फ नौलो घुम्ति, रिकभरीङ्ग नेपाल र लुम्बिनी लागू औषध उपचार केन्द्र भैरहवा क्रमशः प्रथम, द्वीतीय र तृतीय भएका थिए ।

उनिहरुलाइ जिल्ला जनस्वास्थ्य कार्यालय रुपन्देहीका प्रमुख रामचन्द्र खनालले पुरस्कार प्रदान गर्नुभएको थियो । सो अवसरमा बोल्दै खनालले 'एचआईभी/एड्सको क्षेत्रमा बर्षेनी करोडौ रुपैयाँ खर्च भएपनी त्यो पारदर्शी र उपलब्धीमुलक नभएको' बताउनु भएको थियो । नव किरण प्लस बुटवलका गंगा गौतमको अध्यक्षतामा र अर्जुन ज्ञवालीको संचालनमा सम्पन्न कार्यक्रममा बुटवल नगरपालीकाका पूर्व उपमेयर विमल बहादुर शाक्यले पनि मन्तव्य व्यक्त गर्नु भएको थियो । नवकिरण प्लसले एचआईभी संक्रमितहरुको लागि हेरचार, उपचार र वकालत गर्दै आइरहेको छ भने सोही संस्था कै पहलमा अहिले लुम्बिनी अञ्चल अस्पतालबाट एआरभी सेवा पनी उपलब्ध हुन थालेको छ ।

— केशबपुन मगर

Nava Kiran Plus
Treatment, Care, Support & Advocacy

**Editor**
Mr. Rajiv Kafle

**Executive Editor**
Mr. Shibu Giri

**Correspondents**
Mr Manish Shakya, Mr. Ujjwal Baral, Mr. Keshab Pun, Mr. Arjun Gyawali, Ms. Juna Gyawali, Mr. Sajal Rana

**Distribution Officer**
Mr. Dinesh Singh Panthi

**Mailing Address:**
Post Box No. 8975 EPC/4114, Tel.: 2151500
hivpost@yahoo.com

BRANCH OFFICES
Chitwan, Biratnagar, Butwal, Hetauda, Gorkha, Surkhet

**Advisor**
Mr.Surendra Shah
Mr. Bishal J. Rana
Mr. Shankar Kafle
Mr. Parbat Rana
Mr. Dipson Pokharel

**Layout**
*Brother's Computer*
4267260, 4219452

The HIV Post
A Monthly Newsletter of NAVA KIRAN PLUS

# प्रयोगकर्ताहरूद्वारा नै आईडिपीको स्थापना




लागूपदार्थको अखडा भनेर चिनिने सानेपा विगत ३०/३५ वर्ष अगाडिदेखि मानिसहरूले लागूपदार्थ सेवन गरिआइरहेका छन् । कसैले यसलाई पछि गएर छाडे भने कोही यसैमा आफ्नो जिन्दगी विताइरहेका छन् । कसैले नशाको कारणले आफ्नो ज्यान गुमाए भने कसैले नशामुक्त रहेर राम्रो काम गरि आफ्नो पहिचान बनाउने जमर्को गरे । यसै क्रममा केही पूर्व लागूपदार्थ प्रयोगकर्ताहरुले नै आईडिपीको स्थापना गरे ।

विगतमा सानेपा लागू औषध प्रयोगकर्ताहरुका लागि अखडा नै थियो । काठमाण्डौं, पाटन तथा ललितपुरका दूर्व्यशनीहरुको गन्तव्य स्थल थियो । युगअनुसार प्रयोगकर्ताहरु पनि फेरिदै गए । कोही पुराना लागूपदार्थ प्रयोगकर्ताहरुले विभिन्न पुर्नस्थापना केन्द्रहरुमा गई आफ्ना उपचार गराए र आफू राम्रो बने । यतिले मात्र उनीहरुलाई पुगेन आफू जन्मेको थलोलाई नै नशामुक्त क्षेत्र बनाउने उद्देश्य लिएरै विभिन्न संघ संस्थाहरुमा पहिलेदेखि आवद्ध हुँदाहुँदै पनि आफ्नो घर, टोल तथा छिमेकमा आफूले गुमाएको छवि पूर्ण निर्माण हेतु उनीहरुले सानेपालाई नशामुक्त क्षेत्र घोषित गरे । उक्त क्षेत्रका धेरै भन्दा धेरै लागूपदार्थ प्रयोगकर्ताहरुलाई आफ्नो पहलमा विभिन्न पुनरस्थापना केन्द्रहरुमा पुऱ्याए । यसो हुँदाहुँदै पनि पुर्नस्थापनाबाट फर्किएका पूर्व लागूपदार्थ दुर्व्यशनीहरु फेरि लागूऔषधमा फसेको देखिन्छ । यस्तो हुन नदिन, आफ्नो जन्म थलोलाई नमुना क्षेत्रको रुपमा विकास गर्न, दुर्व्यशनीहरुलाई रोजगारी दिलाई उनीहरुलाई देश विकाश तर्फ अग्रसर बनाउने उद्देश्य आईडिपिले लिएका छन् । सन् २००७ मा आएर पहिलो पटक सानेपामा वर्ल्ड ड्रग डे मनाईयो ।

विगतमा लागूपदार्थ दुर्व्यशनी र वेचविखन हुने मुख्य थलो भनेर चिनिने सानेपालाई अब गएर लागूपदार्थमुक्त क्षेत्र भनेर चिनिन्छ ।
ड्रग्स' को नारा लगाउँदै कार्यक्रम स्थललाई विभिन्न रङ्गहरुले दुलहीलाई सिङ्गारे झैं गरि सिङ्गारेका थिए । यसको चारै तिर मैनबत्ति बालेर सजाईएको थियो । दोबाटोको भित्ताहरुमा लागूपदार्थको बारेमा विभिन्न पोस्टरहरु टालिएको थियो । हरेक दोबाटोमा मैनवत्तिहरु बालेर राखेको थिए ।

बिहानैदेखी लागि परेका केटाहरुको जाँगर बेलुकीसम्म पनि कम भएको थिएन । कार्यक्रम शुरु हुनु अगाडि बेलुकी ७ बजे तिर सबैले एक छिन मौन धारण गरेर प्रार्थणा गरेका थिए । त्यसपछि मैनबत्ती बाल्ने कार्यक्रम शुरु भएको थियो । ईच्छुक वटुवाहरुको लागि दुर्व्यशनीसम्बन्धी जानकारी हेतु किताबहरु ठाउँ ठाउँमा राखिएको थियो । त्यस कार्यक्रमको सफलता र पूर्व दुर्व्यशनीहरुको उत्साह जाँगर तथा आफ्नो टोल मोह देख्दा खेरि कुनै जमानामा यिनै केटाहरु यस टोलमा चोरि वा अन्य गलत क्रियाकलापमा सम्लग्न थिए भन्दा विश्वास गर्न गाह्रो हुन्छ । ढिलै भए पनि सानेपा वासीहरुमा परिवर्तन देखिएको छ । यसै गरि सम्पुर्ण सानेपा वासि पूर्व लागूपदार्थ प्रयोगकर्ताहरुले मैनवत्तीले जस्तै आफूले पनि अरुलाई उज्यालो दियो भने नयाँ पुस्ताका युवाहरुलाई सहि मार्ग दर्शन हुनेछ । कालान्तरमा यसले देश विकासमा सहयोग दिनेछ ।

## ड्रग-डेका दिन बाईक र्‍याली

बौद्धस्थित हेल्पिङ्ग ह्याण्ड (सहयोगी हात) नामक समूहले विश्व लागूपदार्थ दिवसको अवसरमा बौद्धदेखि बसन्तपुरसम्म मोटरसाईकल र्‍यालीको आयोजना गऱ्यो । उक्त कार्यक्रममा करिव १०० जना मोटरसाईकल चालकहरु सहभागी भएका थिए । Lets Talk About Drugs र Stay Away from Drugs को नारा सहित र्‍यालिले काठमाडौं शहरको परिक्रममा गरेको थियो ।

हरेक वर्ष झैं यस वर्ष पनि जून २६ को दिन लागूपदार्थ दिवस विश्वव्यापीरूपमा मनाईयो । यस दिवसलाई ललितपुर जिल्ला प्रशासन कार्यालयले पनि विशेष चासो दिएका थिए । ललितपुर जिल्ला प्रशासन कार्यालयको संयोजकत्वमा यस वर्ष ललितपुरमा यस दिवसका दिन र्‍याली र सडक नाटक संचालन गरियो । जसमा विभिन्न गैर सरकारी संस्थाहरुले आ-आफ्नै नारा, व्यानर र सचेतनामूलक सन्देशहरु प्रवाह गर्दै सहभागीता जनाएका थिए । उक्त र्‍यालीमा 'के तपाईको जीवन लागूपदार्थको अधिनमा छ ?, तपाईको जीवनमा, तपाईको समाजमा लागु पदार्थको लागि ठाउँ छ कि छैन' भन्ने मूल नाराको साथ लगनखेल चोकबाट शुरु भई जावलाखेल क्लव अगाडि सडक नाटक तथा जिल्ला प्रमुख र अन्य संस्थाका व्यक्तिहरुको छोटो वक्तव्यका साथ समापन गरियो । यस जून २६ को दिनलाई विश्व भरि नै लागूपदार्थ विरुद्धको लडाई अझै चलिरहेको छ र यस दिनमा लागूपदार्थसँग प्रत्यक्ष वा अप्रत्क्षरूपमा सम्लग्न मानिसहरु मात्र नभई यो सार्वजनिक सरोकारको विषय भन्ने अवगत गराउँछ । जुन किसिमले यस वर्ष जिल्ला प्रशासन कार्यालयले आफ्नो चासो देखाएको थियो त्यही किसिमले सरकारीस्तरबाट यस सम्बन्धमा नयाँ नीति तर्जुमा गर्ने र पुराना नीतिहरु परिमार्जन गर्ने हो भने यस क्षेत्रमा आवद्ध भएका सबै संघ संस्थाहरुलाई नैतिक र आर्थिकरूपमा पूर्ण सहयोग र सहकार्य भएमा पक्कै पनि नयाँ नेपालको संरचनामा धेरै जनशक्तिलाई लागूपदार्थमा लाग्न नदिई देश विकासमा सम्लग्न गराउन सकिन्छ ।

-विक्रम पाण्डे

**Say No to Drugs**

# U.N. urges routine HIV testing for patients

## New guidelines aimed at identifying millions unaware they are infected

Updated: 9:28 a.m. ET May 30, 2007

LONDON - Health professionals should routinely offer to test people for HIV instead of waiting for patients to request it, according to new advice from the United Nations Wednesday.

In making the recommendations, the World Health Organization and UNAIDS are underlining the need to identify the millions worldwide who need treatment. WHO estimates that approximately 80 percent of HIV-positive people in developing countries are currently unaware of their status.

“If we are serious about ensuring universal access to drugs, there has to be a fundamental change in the approach to HIV testing,” said Dr. Kevin De Cock, director of WHO’s AIDS department.

The UN now advises health workers to test patients for HIV as part of standard medical care, but only with the patient’s informed consent.

Yet there are questions about how the cash-strapped countries in Africa might adopt these guidelines. Of the estimated 40 million people living worldwide with HIV/AIDS, nearly 65 percent are in Africa.

Because current estimates of the number of HIV/AIDS patients include people who don’t know their status, experts do not expect the numbers to rise dramatically if more people are tested.

**Waiting list for treatment**

Though universal testing will certainly identify more HIV-positive people needing lifesaving anti-retrovirals, there is already a long waiting list: Nearly 5 million people in sub-Saharan Africa are still without treatment.

Identifying more AIDS patients whom countries cannot afford to treat threatens to create an even bigger backlog of people who know they are sick, but have no access to care.

Most AIDS experts believe that increased HIV testing will help, even if the conditions are not perfect.

“No one wants a situation where people find out they’re HIV-positive and can’t get anti-retroviral treatment,” said Jennifer Kates, vice president and director of HIV policy for the Kaiser Family Foundation. “But if we waited until everything was perfectly aligned, we would never respond.”

Another benefit of testing: Past studies also have shown that once people are aware that they are HIV-positive, they tend to practice safer sex — which could give prevention efforts a boost.

Africa’s weak health infrastructure, though, is a huge stumbling block. The continent urgently needs at least another 4 million health workers to fill the gap, according to WHO. Without doctors and nurses to administer the HIV tests or to provide the necessary treatment when patients are identified, such guidance will create even more stress for Africa’s already fragile health systems.

Still, the new testing procedures should mean that HIV patients are found earlier.

“The biggest problem we have now is that our health care systems are overburdened with very sick people who come in too late,” said Zackie Achmat, chairman of South Africa’s Treatment Action Campaign.

“These new guidelines are long overdue,” said Achmat. “We cannot deal with the burden on the health care service if we don’t prevent people from becoming so sick that they become a supreme burden on it,” he said.

Increased HIV testing and the treatment and infrastructure it ultimately entails will require more money, yet no new funds have been announced to help countries implement these policies.

The UN estimates that the fight against AIDS in 2007-2008 requires $22 billion, and there is still a considerable shortfall. Last year, the deficit for global AIDS programs was about $6 billion.

While health authorities would like to see the new UN recommendations adopted as soon as possible, much will depend on whether countries decide to follow their advice.

“I hope that countries start implementing this immediately,” said WHO’s De Cock. “But we know you can’t just flip the switch and change everything in one day.”

*©'a9 2007 The Associated Press. All rights reserved. This material may not be published, broadcast, rewritten or redistributed.*

# Silver Lane of Positive Lives



*The construction of Nava Kiran Plus super specialty palliative care and treatment center (SSPCTC) in Shivapuri hills north of Kathmandu is halfway. It is hoped that the construction will be completed by September this year.*



*Once it starts raining construction materials could not be transported to the site as the road is too slippery and steep thus the work is delayed.*



*A landslide around the construction site, flood in the nearby stream, road blocks due to heavy rain anything can happen.*



*I miss 4WD vehicle, Black topped roads and dry seasons these days.*



*"Har raat sapani ma aithan huncha gaun ma sayad pairo gayo ki" an illustrious song by Deep Shrestha is one of my favorites these days. Every time it starts raining I start thinking of the possible consequences.*

Nava Kiran Plus is supported by DFID, UNDP, The Embassy of Denmark and Sidaction, Paris